**Tel/Whatsapp: +9779849596298**

**DignifiedMenstruation2019@gmail.com**

**Facebook: Global South Coalition for Dignified Menstruation**

**Twitter: https://twitter.com/GlobalSouthDM**

**Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com**

# Global South Coalition for Dignified Menstruation

श्री

...................................

.................................

महोदय,

दक्षिण गोलार्दयीय मर्यादित महिनावारी संजाल राधा पौडेल फाउन्डेसनको पहलमा काठमाडौँमा अबस्थित एक संजाल हो | बिस्तृत जानकारीको लागि https://www.dignifiedmenstruation.org/

विश्वमा नै पहिलोपटक मर्यादित महिनावारी नीति २०७४ (मस्यौदा ) निर्माण गरी महिनाबारीलाई मानब अधिकारको दस्टीकोणबाट हेरिनुपर्ने मान्यता स्थापित गर्दै डिसेम्बर ८ लाइ मर्यादित महिनावारी दिबस मनाएर विश्वलाई नै नेपालले महिनाबारीमा काम गर्ने जो कोहीलाई नया आयाम प्रदान गरेको छ |

यसै सन्दर्भमा नेपाल भ्रमण बर्षको अवसर पारेर सन् २०२० मे २६-२८ वा २०७७ को जेष्ठ १३-१५ गते काठमाडौँमा अन्तरास्ट्रिय मर्यादित महिनावारी कार्यशाला गोष्ठी हुन् गैरहेको अबगत गराउन चाहन्छु |

यस परिबेशमा नेपाल सरकार, महिला, बाल बालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई नेतृत्व गरी यो कार्यशाला गोष्ठी सम्पन्न गरिदिनु हुन् हार्दिक अनुरोध गर्दछु |

कार्यशाला गोष्ठीको अबधारणा पत्र र कार्यतालिका यसै साथ सग्लन छ |

भवदीय,

Paudel

राधा पौडेल ( नेपाल)
सचिबालय
दक्षिण गोलार्दयीय मर्यादित महिनावारी
DignifiedMenstruation2019@gmail.com
rpaudel456@gmail.com

Menstrual Talk
Dignity First

Tel/Whatsapp: +9779849596298

DignifiedMenstruation2019@gmail.com

Facebook: Global South Coalition for Dignified Menstruation

Twitter: https://twitter.com/GlobalSouthDM

Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com

# Global South Coalition for Dignified Menstruation

## १. महिनावारीका बिभिन्न पक्षहरुको बिस्लेषण

### १.१. महिनाबारी बहुमुखी र जटिल अबस्था:

सामान्यतया कुनै पनि ठाउँ वा समाजको परिबेशले महिनावारीको अभ्यासको तय गर्दछ तथापी महिनाबारी सम्बन्धि लाज, त्याब्बू, बार्नु पर्ने चलन संसारैभर छ तर यसको प्रकार, उपस्थिती, गाम्भीर्यता भने फरक फरक छ | जे जस्तो अबस्था भए पनि यस्ता धारणा, ब्यबहार र अभ्यासका कारण अल्पकालिन र दिर्घकालिननकारात्मक प्रभाब व्यक्ति, परिबार, समाज, देश र विश्वमा (एकोलोजिकल मोडेल) नै पर्दछ | यी प्रभाब एक अर्कासँग जोडिएका, खप्तिएका छन् | उदाहरणको लागि महिनाबारीबार्ने चलनले चाडो बिबाह हुन् बाध्य पारेको हुन्छ | विश्वकै इतिहास हेर्ने हो भने पनि महिनाबारीलाई मात्रै सरसफाई वा महिनावारी सामग्रीसंग मात्र हेरियो | बास्तबमा महिनाबारी सम्बन्धि लाज, त्याब्बू, बार्नु पर्ने चलन सोलोमन आइजल्यांड, मिडल इस्ट, अफगानिस्तान, कम्बोडिया जतातत्तै छ | महिनाबारी सम्बन्धि लाज, त्याब्बू, बार्नु पर्ने चलन लैगिकतामा आधारित हिंसा, मानसिक स्वास्थ्य, प्रकोप, तेस्रोलिंगी, अपांगता, महिनाबारी सामग्री, बाताबरण, भौतिक सरचना, पानी, धर्म आदिसंग गहिरो सम्बन्ध छ | साथसाथै महिनाबारी सम्बन्धि लाज, त्याब्बू, बार्नु पर्ने चलनले सामाजिक, आर्थिक, राजनैतिक, प्राबिधिक बाताबरण पार्दछ |




*Figure 1 Menstrual Stigma/Taboo is Across the Globe*

### १.२. महिनाबारीले शक्तिको निर्माण गर्दछ

नेपालमा गरिएको अनुसन्धानको आधारमा सामान्यतया ६-१२ बर्षको उमेरमा केटा र केटी दुबैले आफ्नो आमा, काकी वा कुनै महिला सदस्यबाट बिभिन्न अभ्यासका कारण महिनाबारी अशुद अबस्था हो भनेर थाहा पाउछन | जहाँ केटीहरु महिनाबारी भै नसकेका हुन्छन भने केटाहरु कहिल्यै पनि महिनाबारी हुदैनन् | केटाहरुले आफु शुद, शक्तिशाली, ठुलो भन्ने भावनाको विकास गर्न थाल्छ भने केटीहरुले आफु पनि भबिस्यम महिनाबारी हुनुपर्ने, अशुद अबस्थाबाट गुर्जनु पर्ने, शक्तिविहीन, सानो, हीनताबोध महशुस गर्छे | यहि सोच, धारणा, अभ्यास सामाजिकीकरणको दौरानमा बलियो हुदै जान्छ जहाँ केटीहरु नबोल्ने, प्रश्न नगर्ने, चुपचाप सहने बानीको विकास गर्दै जान्छन भने केटाहरु आफूले पाएको सहुलियतहरु प्रयोग गर्दै जादा निमुखाहरु माथि बिशेष गरि केटीहरु माथि हिंसाहरु जस्तो हेप्ने, दुर्ब्यबहर गर्ने गर्दै हुर्कन्छ | कुनै परिबेशमा उनीहरु दुवैलाई गलत गरेको महशुस हुन् सक्छ तर आफुलाई रोक्न (केटा), बोल्न (केटि) सक्दैनन् | एकप्रकारको एडिक्सन जस्तो हुन्छ | यस्तै हो, चलेकै छ, चल्छ भन्ने हुन्छ र अन्तत केटाहरु बलात्कारी भएर हुर्कन्छन भने केटीहरु पिडित | त्यो उनीहरुको दोष हैन, हाम्रो दोष वा सामाजिकीकरणको दोष |




Menstrual Talk
Dignity First

Tel/Whatsapp: +9779849596298

DignifiedMenstruation2019@gmail.com

Facebook: Global South Coalition for Dignified Menstruation

Twitter: https://twitter.com/GlobalSouthDM

Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com



## १.३. महिनाबारी अभ्यास लैंगीकतामा आधारित हिंसाको एक मूल कारण:

माथि उल्लेख गरिएको लैगीकतामा आधारित हिंसाको परिभाषाहरुलाई बिस्लेषण गरेर हेर्दा महिनाबारी हुने संसारका जुन सुकै लिंग, जात, बर्ग आदिका व्यक्तिहरुले जिबनमा कुनै कुनै किसिमको देखिने वा नदेखिने विभेद र हिंसा खेपिरहेका हुन्छन भन्न हिचकिचाउन पर्दैन | किनभने महिनावारी मानब अधिकार र बिकासको इतिहासमा सन् २०१४ सम्म महिलाको, नीजी मामिला, लाज र त्याबुको बिषय रहयो | केटि, महिला वा अन्य व्यक्तिले जिबनमा महिनाबारिका कारण अल्पकालिन र दिर्घकालिन रुपमा उनीहरुको शारीरिक, मानसिक, सामाजिक स्वास्थ्यमा नकारात्मक परिणाम त भोगे भोगे त्यसको साथै अन्य हिंसाहरु जस्तो बलात्कार, हत्या, यौन दुर्ब्यबहर, मृत्यु आदिहरु भोगिरहे नै | महिनावारी सम्बन्धि नकारात्मक सोच, धारणा र अभ्यासका कारण महिनावारी हुने व्यक्तिहरुको व्यक्तिगत, पारिबारिक र सामाजिक शान्ति भंग भैरहेको हुन्छ | यसका अतिरिक्त पल पल, पत्र पत्रमा मर्यादापुर्बक जिउन पाउने अधिकार, खानाको अधिकार, स्वास्थ्यको अधिकार, सहभागिता हुन् पाउने अधिकार जिबनभर नै भोगिरहेका हुन्छन | यी अधिकारहरु सबैधानिक अधिकार त हुन नै सर्बमान्य, अन्तरास्ट्रिय मानब अधिकारका दस्ताबेज अनुसार अभिभाज्य मानब अधिकार पनि हुन् |




*Figure 2 The complexity of impact of menstrual practice*

## १.४ महिनाबारी बार्ने अभ्यासको महिलाको स्वास्थ्य, सुरक्षा र मर्यादामा असर

महिनावारी बार्ने चलन ठाउँ अनुसार फरक फरक र धेरै थोरै जे भए पनि महिलाको स्वास्थ्य, सुरक्षा र मर्यादामा अल्पकालीन र दिर्घकालिन रुपमा असर पुराईरहेको हुन्छ तर हामी यति अभ्यस्त भएका हुन्छौ कि प्रहरी वा पत्रिकामा नआउन्जेल महशुस पनि गरेका हुदैनौ |






Tel/Whatsapp: +9779849596298

DignifiedMenstruation2019@gmail.com

Facebook: Global South Coalition for Dignified Menstruation

Twitter: https://twitter.com/GlobalSouthDM

Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com






बास्तबमा महिनाबारीले बिश्व स्वास्थ्य संघले परिभाषित गरेको स्वस्थ्यको परिभाषा होस वा नेपालको संविधानले निर्देशित गरेको अधिकार वा नेपाल पक्ष राष्ट्र भएर हस्ताक्षर गरेको सन्धि होस् सबै को हनन भएको हुन्छ |

**१.५ . महिनाबारी र शिक्षा**

महिनाबारीको बारेमा बिद्यालयको पाठ्यक्रममा प्रशस्त नहुनु, भए पनि मर्यादित पद्धतीले पठन पाठन नहुनु, बिधालय मर्यादित महिनावारी मैत्री नहुनु, बिद्यालय वा किताबहरुलाई बार्नु पर्ने कुराभित्र पारेर वा पहिलोपटक भएका बेला बिद्यालय जान नपाउनु आधि कारणले केटीहरुको शिक्षाको अधिकार हनन भएको हुन्छ | महिनाबारीका कारण प्राथमिक तहमा अब्बल मानिएका केटीहरु बिस्तारै बिषय लाग्ने, फेल हुने र चाडो वा जब्बरजस्ती बिबाह गर्नु पर्ने बाध्यता भोगिरहेका हुन्छन | परिणामस्वरूप उनीहरु जीबनमा बेरोजगारी, गरिबी, हिंसा, प्रजनन रोगको बोझ थपिएर गुणस्तरीय जिबन मा नै चुनौती थपिएको हुन्छ |

**१.६. महिनाबारी र शान्ति**

महिनाबारीसंग जोडिएका धारणा र अभ्यासका कारण केटी वा महिलाहरुको व्यक्तिगत शान्ति हनन भएको हुन्छ अर्थात् भित्रभित्रै अदृस्य द्वन्द अनुभुती गरेकी हुन्छिन जस्तो म किन जन्मिएको, छोरा भएको भए हुने,......आदि | जसका कारण उनको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाब पर्दछ | कतिपय किशोरीहरुमा उदासीपन देखिने, आत्महत्या गर्न मन लाग्ने हुन्छ भने उसले आफ्नो परिवारसंग यसो किन गर्न नहुने, गर्छु, किताबको कुरा मान्छु जस्ता बिद्रोह गरिरहने हुदा घर र समाजमा पनि एक किसिमको शान्ति भंग भैरहेको हुन्छ | कतै सामाजिक तथा सास्कृतिक कार्यक्रममा सहभागिता हुन् नपाउदा वा हेला होचो हुने, सामाजिक थिति र नीतिसंग रिस उठिरहने कारणले पनि लगातार रुपमा शान्ति भंग भैरहेको हुन्छ |

**१.७. बिश्व मानब अधिकारको इतिहासमा महिनाबारी अभियान**

सन् १९४८ बाट मानब अधिकारको कुरा गरिएता पनि खुलेर महिनाबारीको बारेमा कहिल्यै पनि कुरा भएन | जस्तो यलमा आटा सम्मेलन १९७८, सिड १९७९, आइसिपिड़ी १९९४, बेजिंग सम्मेलन १९९५ | सन् २०१४ मा आएर अक्टोबर २ (October 2, 2014, the UN resolution A/HRC/RES/27/7) सयुक्त रास्ट्रसंघको मानब अधिकार परिषदमा पहिलोपटक महिनाबारीको कुरा उठान भयो तर सरसफाईसंग केद्रित भयो | हालसम्म संसार भर नै महिनाबारी सम्बन्धि कामहरु भएका सरसफाई केन्द्रित भएको र मर्यादा छुटेको अनुसन्धानले देखाईसकेको छ (क्रिस बोबेल, २०१८) |




*Figure 3 The MHM Value Chain*

**१.८. विश्वमा महिनाबारी अभियानको अबधारणा**

सन् २०१२ मा UNICEF and WHO ले महिनाबारी स्वास्थ्य ब्यबस्थापन, सन् २०१४ मा महिनाबारी सरसफाई ब्यबस्थापन, शैक्षिक क्षेत्रमा महिनाबारी अधिकार, र कसै कसैले महिनाबारी स्वास्थ्य र सरसफाई भन्ने शब्दावली प्रयोग गरेको देखिन्छ | मेघान मार्कर, प्याड म्यान फिल्म र पिरियड, एण्ड द सेन्टस सबै सरसफाई केन्द्रित अभियान छन् |

महिनाबारीको बहु आयामिक पक्षलाई सम्बोधन गर्दै मानब अधिकारको साझा सबालको रुपमा स्वीकार्दै मर्यादित महिनाबारी अभियान गर्ने संसारमा नै नेपाल पहिलो रास्ट्र हो | सन् २०१७ वा करिब दुइ बर्षअघि खानेपानी मन्त्रालयको अगुवाइमा महिला मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालयको संयोजनमा मर्यादित महिनाबारी (मस्यौदा) नीति २०७४ तयार भै सकेको छ | साथसाथै नेपालबाट डिसेम्बर ८ लाइ

Tel/Whatsapp: +9779849596298
DignifiedMenstruation2019@gmail.com
Facebook: Global South Coalition for Dignified Menstruation
Twitter: https://twitter.com/GlobalSouthDM
Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com



मर्यादित महिनावारी दिबसको रुपमा शुरुवात गरिसकेको अवस्था छ |

**१.९. प्याड बाड्नु मात्र मर्यादित महिनाबारी होइन**

महिनाबारी सम्बन्धमा भए गरेका मिथ्या, भ्रमहरु नचिरी प्याड मात्रै महिनाबारी भएका बेला मर्यादा पुर्बक जिउन पाउने अधिकार स्थापित गर्न सकिंदैन | प्याड वा सरसफाई महत्वपूर्ण छन तर महिलाको मानब अधिकार प्राप्त हुन् सक्दैन .

**१.१०. कोहि पनि पछाडी नछुट्न (दिगो विकास लक्ष्य):**




*Figure 4 Barriers to Achieve SDGs for Menstrual Women*

माथि उल्लेख गरिएका तथ्यका आधारमा लैगीकतामा आधारित हिंसा बिभिन्न स्वरूप र तहमा संसार भरि नै छ जहाँ महिनाबारी सम्बन्धि अभ्यासको कुनै न कुनै स्वरूप र तह भूमिका पनि छ | सन् २०१५ देखि संसार नै दिगो विकास लक्ष्य २०३० को लागि मरिमेटेको परिप्रेक्ष्यमा मर्यादित महिनाबारीको उल्लेखनीय भूमिका छ किनभने दिगो विकास लक्ष्यहरु ( १ गरिबी, २ शुन्य भोक , ३ सुस्वास्थ्य, ४ गुणस्तरीय शिक्षा, ५ लैगिक समानता, ६ स्वास्थ्य पानी र सरसफाई, ८ सम्मान काम र आर्थिक बृदी) का लक्ष्य प्राप्त गर्न मर्यादित महिनाबारी प्रत्यक्ष र अप्रत्यक्ष पूर्व शर्त हुन् | अझै प्रकोपमा परेका, अपांगता भएका र बिभिन्न कारणले सिमान्तिकृत भएका महिला वा व्यक्तिका दिगो विकास लक्ष्य २०३० प्राप्तिमा मर्यादित महिनाबारी झनै आबश्यक र महत्वपूर्ण छ |

२. **मर्यादित महिनाबारी के हो**




महिनाबारी यो संसारको सत्य हो जुन एकदम बहुमुखी र जटिल छ | यो केवल पाच दिन बग्ने, एक पसर रगत मात्र होईन अर्थात् मात्रै प्रजनन उमेरबधिमा (करिब ७ बर्ष) को रगतको कुरा मात्रै होईन | यो जीवन भरको सरोकारको बिषय हो | तसर्थ मर्यादित महिनाबारी एक बृहत धारणा हो जहाँ महिनाबारीलाइ मानब अधिकारको दृस्टीकोणले हेरिन्छ | यसले महिनाबारीलाइ गर्भधारण देखि चिहान सम्म सम्बन्धित सोच, धारणा र अभ्यासलाई मानब अधिकारको दृस्टीकले गहिरो बिस्लेषण गरेर त्यसको अल्पकालिन र दिर्घकालिन असरहरुलाई सम्बोधन गर्दछ | यसले महिनाबारी हुने र नहुने सबै व्यक्ति र समुहको अधिकारको सुनिस्चितता गर्दछ जहाँ सबै तह र तफ्ताका सरोकारहरुलाइ जिम्मेबार बनाउदै महिनाबारी साझा मानब अधिकारको सबलाको रुपमा हेर्न अपिल गर्दछ | महिनाबारी भएका बेला सबै केटि, महिला र व्यक्ति मर्यादा पुर्बक जिउन पाउन पर्ने मानब अधिकारको वकालत गर्दछ | मर्यादित महिनाबारीमा सामान्यतया २५ दिन र ५ दिनमा

Tel/Whatsapp: +9779849596298
DignifiedMenstruation2019@gmail.com
Facebook: Global South Coalition for Dignified Menstruation
Twitter: https://twitter.com/GlobalSouthDM
Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com



कुनै पनि किसिमको विभेद, हिंसा, हुनु हुदैन | मर्यादित महिनाबारीले प्याड वा सरसफाई र सरचना भन्दा बृहत धारणा र कार्यशैली हो जहाँ स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, बाताबरण, शशक्तिकरण, शान्ति, र बिकाश संगसंगै गएको अवस्था हो |




*Figure 5 Dignified Menstruation on Constitution of Nepal*

छोटकरीमा मर्यादित महिनावारी एक खाका हो जसले महिनाबारी सम्बन्धमा रहेको गहिरो अन्धबिस्वाश, डर र मौनतालाइ घर घरबाट, टोल टोल, स्कुल स्कुल वा जहातहीबाट महिनाबारीको जैबिक महत्वको बारेमा बाउ छोरी, आमा छोरा, दिदी भाइ आदिबीच बार्ता, बहसको माग गर्दछ | मर्यादित महिनाबारीले हाम्रो वरपर भएका मिथ्या, भ्रम, कुसस्कारलाई फोर्दै, चिर्दै शशक्तिकरण गर्दछ | जहाँ पिडितहरु अभियानकर्मी हुन्छन र राज्यले उनीहरुलाई सम्मान गर्दछ | मर्यादित महिनाबारीले हरेक केटि वा महिला वा तेस्रो लिंगीको महिनाबारी हुदा मर्यादा पुर्बक जिउन पाउने अधिकार सुनिस्चित गर्न सबै सरोकारवालाहरुलाई खबरदारी गर्दै उत्तरदायी बनाउछ | https://www.youtube.com/watch?v=ezfdhBKEtsE

**३. नेपालमा महिनाबारी अभियान :**

नेपालमा प्रजनन स्वास्थ्य कार्यक्रम, श्रह्शताब्दी लक्ष्य र सामाजिक संजालको उदयसंगै छाउपडीले मुलसंचार माध्यममा स्थान पायो | बिस्तारै बच्चा पाउनेसंग सम्बन्धित छाउपडी सम्बोधन हुदै गयो भने महिनाबारीको छाउपडीले अन्तरास्ट्रिय बजार पनि ततायो र नेपाललाइ चिनाई रहने सगरमाथालाई छेकिदियो | एकाद व्यक्ति र सस्थालाई अपवादमा छोडेर हेर्ने हो भने सबै कामहरु च्यारिटी मोडेलमा महिनाबारीको रगत फोहोर, वा सरसफाई केन्द्रित भएर गयो | बि स २०६२ देखि आछाम, बाजुरा र दैलेखमा केटि र महिलाहरु छाउ गोठमा मरेका रिपोर्ट पत्रिकामा आउन थाले | यही सन्दर्भमा सर्बोच्च अदालतले सन २००५ मा निर्देशिका बनाएर समस्या समाधान गर्न आदेश दियो | करिब तिन बर्षपछी सन् २००८ मा महिला मन्त्रालयले निर्देशिका जारी गर्यो तर यो त्यति प्रभावकारी भएन अर्थात् न स्रोत थियो न कुनै उजुरी पर्यो वा छोरीहरु मर्न नै छाडे |


नेपाल सरकार
खानेपानी तथा सरसफाइ मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-१३०८

मिति

श्री राजन राज पाण्डे, सह-सचिव, खानेपानी तथा सरसफाइ मन्त्रालय।
श्री कविन्द्र बिक्रम कार्की, सि.डि.इ, NWSSTC ।
श्री गुणराज श्रेष्ठ, Country Co-ordinator, WSSCC ।
श्री राधा पौड्याल, Founder, Radha Poudel Foundation ।
श्री रमा ढकाल, Project Coordinator, NAPD Nepal ।
श्री कमला केसी, Head of WASH, ACF International ।
श्री स्मृती शाह, NCV ।
श्री दीपा शाक्य, GESI Specialist, RWSSFDB ।
श्री सरस्वती पोखरेल, शिक्षा मन्त्रालय ।
श्री डोरेन्द्र निरौला, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

विषय : छलफलमा सहभागिता सम्बन्धमा ।

प्रस्तुत विषयमा मासिक धर्म स्वच्छता व्यवस्थापन (MHM) तयारी सम्बन्धि नीति तर्जुम
समितिको पहिलो बैठक देहायको मिति, समय र स्थानमा सञ्चालन हुने हुँदा उपस्थित
हार्दिक अनुरोध गर्दछु ।

सन् २०१७ जुलाईमा पाच जना अभियानकर्मीले दैलेखको घटनालाई लिएर जाहेरी दिए तर प्रहरीले जाहेरी लिन अनाकाना गर्यो | यसै बेला संबिधान अनुकुल नया कानुन बनाउदै गर्दा सन् २०१७ अगस्टमा नेपाल सकारले कानुन निर्माण गरी सन् २०१८ बाट लागु हुनेगरी कानुन बन्यो | अन्तत सन् २०१९ डिसेम्बरमा आछाममा मृत्युबरण गरेकी पार्वती बुडाको जेठाजुलाई प्रहरीले पकड्यो |

राधा पौडेल वा उनले नेतृत्व गरेको एक्सन वोर्क्स नेपाल र राधा पौडेल फाउन्डेसन जस्ता सस्था बाहेक अधिकाम्स सस्था जो महिनाबारीमा काम गर्थे उनीहरु सन् २०१४ को सरसफाईबाट प्रोत्साहित भएर काम गरिरहेको अबस्था थियो | नेपाल सरकार विशेष गरि खानेपानी, स्वास्थ्य, शिक्षा, र महिला मन्त्रालयको समन्वयमा सन् २०१७ मा दांगमा पहिलो रास्ट्रिय परामर्श गोष्ठी सम्पन भयो | त्यसको लगत्तै उही महिना नगरकोटमा **WSSCC** प्राबिधिक सहयोगमा मंत्री सग्लन परामर्श भयो र अप्रिल महिनामा नीति निर्माण समिति बन्यो र करिब तीन महिनामा

Tel/Whatsapp: +9779849596298

DignifiedMenstruation2019@gmail.com

Facebook: Global South Coalition for Dignified Menstruation

Twitter: https://twitter.com/GlobalSouthDM

Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com

# Global South Coalition for Dignified Menstruation



मस्यौदा नीति तयार भयो | एतिहासिक पहिलो मर्यादित महिनावारी स्वच्छता दिबस मनाउदै गर्दै माननीय मंत्री बिना मगरले यो नीतिलाई औपचारिक दिने प्रतिबदता गर्नु भएको थियो तर अगाडी बढ्न सकेन | https://www.facebook.com/watch/?v=2066833423584052.) तर मर्यादित महिनाबारीमा बिस्वाश गर्ने सरोकारवालाहरुले लगातार यसै मुद्दामा काम गर्दै गए जस्तो डिसेम्बर ८, २०१९ लाइ विश्वमा नै पहिलो मर्यादित महिनावारी दिबस १४ वटा जिल्लामा मनाइयो भने नेपाल सरकार महिला मन्त्रालयले यसको महत्व र आबस्यकतालाइ गम्भीर रुपमा ग्रहण गर्दै मर्यादित महिनावारी नीतिमा काम गर्ने प्रतिबदता गरेको छ |

https://www.mahilakhabar.com/news/2019/12/08/51596.html?fbclid=IwAR3TIynPWLpnxSAs82ROWLPJg25_rNhSKJ9yOZldm9Ah_KGuD29zHVLZTrk

**३. दक्षिण गोलार्दिय मर्यादित महिनावारी संजाल:**

महिनाबारीले राधा पौडेलको सात बर्षको उमेरमा चोट मात्र पुराएन कि आत्महत्या गर्ने सम्म उक्कसायो अनि जीवनका सबै सुबिधा त्यागेर `मर्यादा' अर्थात् `मर्यादित महिनाबारी' को खोजी हुन् थाल्यो जुन एकदमै चुनौतिपूर्ण थियो | तिनै चुनौतिका पहाड चढ्दै गर्दा सन् २०१३ बाट यो अन्तरास्ट्रिय संजालको बिउ फिलिपिन्सबाट रोपियो तर महिनावारी कोहि, कतै सुन्न चाहन्नथे | केहि गरि सुनिहाले भने प्याड बाड्न, गोठ भत्काउन, या गोठ सफा पार्न उपदेश दिन्थे | लेखक, शान्ति अभियानकर्मी, अभियन्ता जे जे भनेर जहाँ जहाँ गए पनि मर्यादित महिनाबारीलाई ठाउँ बनाउंदै बनाउंदै जादा सन् २०१९ को जुनबाट भने दक्षिण गोलार्दिय मर्यादित महिनावारी संजालले मुर्त रुप लिन्छ | नेपाली परिबेशमा भिन्न विचार, भिन्न अभियान शक्तिको पहुच भन्दा बाहिर रहेको व्यक्ति र सस्थालाई संजाल गठन फलामको चिउरा चपाउनुसरह थियो नै | परिबार, देशी, बिदेशी साथीहरु सक्रमणकालिन अबस्थामा थिए तैपनि विधुतीय माध्यमबाट निबेदन माग भयो | झन्डै ६० वटा संसारभरबाट निबेदन आएकोमा प्रस्तावित निबेदन, अनुभब हेरेर अस्थायी संजाल गठन भयो | जहाँ अस्ट्रेलिया , अमेरिका, इन्डोनेशिया, युगान्डा र नेपालका महिलाहरु सदस्य छन् | नेपाल (राधा पौडेल फाउन्डेसन) सचिवालयको काम गर्दछ |

महिनाबारी सम्बधित सस्थागत, संरचनागत, सामाजिक र ब्यक्तित रुपमा रहेको सारा बन्देज र बाधाहरु चिर्दै, रुपान्तरण गर्दै महिनाबारी हुने सबै व्यक्तिको मर्यादापुर्बक जिउन पाउने अबस्था सिर्जना गर्न यो संजाल प्रतिबद्द छ | यो संजाल मर्यादित महिनाबारीमा काम गर्ने व्यक्ति र सस्थालाई सगठित बनाउदै मर्यादालाई मूल केन्द्रमा राखेर काम गर्ने यो संजालको उदेश्य हो | जसका देहाय खास उद्देस्य छन्: १) मर्यादित महिनाबारीमा साझा बुझाई स्थापित गर्ने, २) मर्यादित महिनावारीका बिभिन्न आयामहरूमा रहेका समस्याहरु पहिचान गरि सम्बोधन गर्ने, ३) प्रमाणका आधरमा मर्यादित महिनाबारीको पैरवी गर्ने, ४) स्रोतको पहिचान र परिचालन गर्दै मर्यादित महिनावारीमा बिश्वब्यापी अभियान थाल्ने |

यसको आगामी दुइ बर्षको लागि समिती आगामी गोष्ठीमा गरिनेछ र नीति नियमहरु पनि त्यही समितीले गर्नेछ |

**सन् २०२०, मे २६-२८ मा काठमाडौंमा गरिने अन्तरास्ट्रिय कार्यशाला गोष्ठीको अपरिहार्यता**

**विश्व स्तरमा**



१) सरसफाईबाट मर्यादामा फड्को मार्नु महिनाबारी अभियानको आबस्यकताको समय हो | धेरै स्रोत, समय सकिसकेको परिबेशमा मर्यादित महिनाबारी मानब अधिकार र विकासको लागि नया र जरुरी दृस्टन्त वा शिफ्टिंग हो | मर्यादाको बहस बिना महिनाबारी अभियान सम्भब नै छैन |

२) शान्ति, मानवाधिकार, शशक्तिकरण र सामाजिक न्यायको लागि पनि मर्यादित महिनावारी अपरिहार्य छ |

३) दिगो विकास लक्ष्य १, २, ३, ४, ५, ६, ८ पुरा गर्न र यौनिक तथा प्रजनन स्वास्थ्यको मूल आधार वा पुर्ब शर्त मर्यादित महिनाबारी हो |

**रास्ट्रिय स्तरमा**

१) जसको समस्या उसकै नेतृत्व वा पिडित केन्द्रित रणनीतिका आधारमा नेपालले छाउपडीको देशबाट मर्यादित महिनाबारीको देशमा स्थापित गरी नेपालको पहिचान परिबर्तन गर्न यो संजाल सान्दर्भिक र जरुरी छ | यो संजालले नेपाल लगायत विश्वका हरेक केटि, महिलाहरु वा व्यक्तिलाई मर्यादित महिनावारी स्थापित गर्न उत्साहित गर्न आबस्यक र महत्वपूर्ण छ |

**अपेक्षित नतिजा**

**विश्व स्तरमा**

१) मर्यादित महिनाबारीमा साझा अबधारणा निर्माण

२) मर्यादित महिनाबारीका बिभिन्न पक्षहरुको सम्बोधन गर्न रणनीति निर्माण भै लागु भएको

३) प्रमाणमा आधारित पैरवी गर्दै अनुगमन भएको

४) मानबिय र आर्थिक स्रोत पहिचान र परिचालन भएको हुनेछ

५) नया कार्य समिति काम शुरु गरेको

**रास्ट्रिय स्तरमा**

१) मर्यादित महिनाबारी नेपाल सरकारको उच्च प्राथमिकतामा रहनेछ | जहाँ माथि उल्लेखित चार मन्त्रालय, मानब अधिकार आयोग, महिला आयोगको कार्यक्रममा मर्यादित महिनावारी समाबेश भै विश्वलाई उदाहरण प्रस्तुत हुनेछ |

**गोष्ठी हुने स्थान :** काठमाडौँ (Hotel Radission, Lajimpat Rd, Kathmandu, 44600)

**सहभागी:** करिब २००, संसार भरका तथापी

**कस्ता सहभागी:** नीति निर्माण र कार्यान्बियनमा योगदान पुराउन सक्ने सरकार, गैरसरकार, अभियन्ता, संचार, प्राज्ञिक

**बिषय:** महिलाको राजनीति र शान्ति प्रकियामा सहभागिता, प्रकोप ब्यबस्थापन, लैगीकतामा हिंसा र मानब अधिकार, स्वास्थ्य, शिक्षा, खानेपानी र सरसफाई, युवा, धर्म, बाताबरण, जलबायु परिबर्तन, महिनावारी सामग्री, तेस्रो लिंगी

**भिजीबिलिटी:**

**कार्यक्रमको नेतृत्व:** नेपाल सरकार

**कार्यक्रमको पहल :** दक्षिण गोलार्द्धीय मर्यादित महिनावारी संजाल/राधा पौडेल फाउन्डेसन

**कार्यक्रममा आर्थिक सहयोग:** जीरो पैसाबाट शुरु गरिएको अभियान भएकोले ब्यबसायिक रणनीति अवलम्बन गरिएको छ | आर्थिक सहयोगको किसिम देहाय बमोजिम बर्गिकरण गरिएको छ |

Tel/Whatsapp: +9779849596298
DignifiedMenstruation2019@gmail.com
Facebook: Global South Coalition for Dignified Menstruation
Twitter: https://twitter.com/GlobalSouthDM
Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com

# Global South Coalition for Dignified Menstruation

**मुख्य सहयोगी:** १० लाख भन्दा बढी सहयोग गर्ने, सबै ठाउमा लोगो प्रयोग गरिने, २ जना गोष्ठीमा सहभागी हुन् पाउने
**सहायक सहयोगी:** दश लाख सम्म सहयोग गर्ने, लोगोको आकार अलिक सानो, एक जना मात्र सहभागी हुन् पाउने
**सहयोगी:** पाच लाख सम्म, सानो आकारको लोगो, एकजना मात्र सहभागी
**एक्यबद्दता:** एक लाख सम्म, साइड ब्यानरमा लोगो, रिपोर्टमा नाम

**प्रस्तावित कार्यक्रम :**

| **Day 1: May 26, 2020** | | |
|---|---|---|
| **Time** | **Activities** | **Remarks** |
| **7.30-9.00** | **Registration and Breakfast** | |
| 9.00-10.30 | **Inaugural- 90 minutes**<br>○ National Anthem-5 m.<br>○ Lightening-5 m.<br>○ Welcome +Objectives: Minister: 10 m.<br>○ Premiere show of short film: 20 m.<br>○ Key Note Speeches: 15 +15<br>○ Presidential Remarks: 10 m<br>○ Conclude the Dignified menstruation or dignity during menstruation: Moderator: 10 | **MC**:<br>**Timer**:<br>**Announcements:** |
| 10.30-11.00 | **Tea Break** | |
| 11.00-1.00 | **Thematic Discussion in four places**<br>1. ***Theme:*** Women's Participation in Peace/Politics<br>2. ***Theme:*** Gender Based Violence and Human Right<br>3. ***Theme***: Faith/religion<br>**4.** ***Theme:*** Health including SRHR | Follow the instructions to find places |
| 1.00-2.00 | ***Lunch*** | |
| 2.00-3.00 | ***Presentation in Plenary- 4*15=60***<br>***Theme- Presentation- 10 m, Comments -5m QA*** | Follow the instruction to find the rooms |
| 3.00-4.00 | ➢ ***Emotional Intelligence and meditation for Addressing religious/cultural resistance around dignified menstruation (MBBI)*** | **Tea break included** |
| 4.00.4.30 | ➢ ***Crafting message on dignified menstruation for advocacy*** | |
| 4.30-5.30 | ➢ ***Steering committee for next 2 years (2022)*** | |
| **Day 2, May 27, 2020** | | |
| 7.30-9.00 | ***Breakfast*** | |
| 9.00-10.00 | **Recap/warm up: 5 m.**<br>**Panel: Menstrual Products, Challenges and way forward: 55 m** | |
| 10.00.12.00 | ***5. Thematic Discussion in four rooms*** | **Tea break included** |

Menstrual Talk
Dignity First

**Tel/Whatsapp: +9779849596298**

**DignifiedMenstruation2019@gmail.com**

**Facebook: Global South Coalition for Dignified Menstruation**

**Twitter: https://twitter.com/GlobalSouthDM**

**Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com**



| | | |
|---|---|---|
| | 6. ***Theme:*** *WASH*<br>7. ***Theme:*** Education + Trainings/Resources materials<br>8. ***Theme:*** Disability<br>***9.*** ***Theme:*** Engaging boys/men | |
| 12.00-1.00 | ***Presentation in Plenary- 4*15=60***<br>***Theme- Presentation- 10 m, Comments -5 m QA*** | |
| 1.00-2.00 | ***Lunch*** | |
| 2.00-3.30 | 10. ***Theme:*** Disaster/Humanitarian Setting<br>***11.*** ***Theme:*** Menstrual Products and Entrepreneurs<br>12. ***Theme:*** Products and Waste, Environment, Climate Change,<br>13. ***Theme:*** SDGs (1,2,8) | |
| 3.30-4.30 | ***Presentation in Plenary- 4*15=60***<br>***Theme- Presentation- 10 m, Comments -5 m QA*** | |
| 4.30-5.30 | ***Finalization of Steering Committee*** | |
| **Day 3, May 28, 2020** | | |
| 7.30-8.30 | Breakfast | |
| 8.30-10.00 | I day celebrations: Different groups organize different activities at and nearby hotel with the slogan of `Menstrual Talk, Dignity First'. | Please propose activities as an advance |
| 10.00-12.30 | **Formal Celebration and closing**<br>o Address the guests- Ministries, 10. m (10.10)<br>o Group Photo Session: 10 m (10.20)<br>o Introduction of Steering committee: 15 m (10.35)<br>o Overview of the two days activities: moderator: 10 m. (10.45)<br>o Presentation of declaration paper -15 m (11.00)<br>o Signing of the declaration paper by dignitaries: 10 m (11.15)<br>o Remarks:<br>➢ Representatives' International guests: 10 m (11.25)<br>➢ Representative of steering committee: 10 m (11.35)<br>➢ Representatives of Miniseries: 10 m (11.45)<br>➢ Representative of Commission: 10 m (11.55)<br>➢ Chief Guest (international speaker): 15 m (12.10)<br>➢ Vote of thanks: 10 m (12.20)<br>➢ Closing Remarks: Chair (12.30) | **MC:** |
| **12.30- 1.30 Lunch and departures** | | |

Tel/Whatsapp: +9779849596298
DignifiedMenstruation2019@gmail.com
Facebook: Global South Coalition for Dignified Menstruation
Twitter: https://twitter.com/GlobalSouthDM
Web: WWW.GlobalSouthForDignifiedMenstruation.wordpress.com

# Global South Coalition for Dignified Menstruation

**प्रताबित बजेट :** करिब ७० लाख बजेट अनुमान गरिएको छ |
केहि अन्तरास्ट्रिय सस्थाहरुले सहयोग गर्ने प्रतिबद्दता जनाइसकेका छन् |

**बिस्तृत जानकारीको लागि** https://www.dignifiedmenstruation.org/

**Contact Detail:**
Secretariat
**Radha Paudel**
**Global South Coalition on Dignified Menstruation**
**DignifiedMenstruation2019@gmail.com**
rpaudel456**@gmail.com**
**+977-9849596298**
**Fourth Floor, HITACHI building, New Plaza, Kathmandu.**

Menstrual Talk
Dignity First